# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०७९/०८०




आयोजक:

वेदकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिसैया,कंचनपुर

परामर्शदाता:

शुक्लाफाटा मिडिया प्रा.लि.
महेन्द्रनगर, कंचनपुर

# बिषयसूची

बिषयसूची ........ 2

१. कार्यक्रमको परिचयः ........ 3

२. कार्यक्रमको उद्धेश्यः ........ 3

३. बेदकोट नगरपालिकाको सामान्य परिचयः ........ 4

४. परिवार संख्या र जनसंख्या विवरण ........ 5

५. कार्यक्रम विवरण ........ 5

६. जवाफदेही वक्ताहरु ........ 6

(क) प्रमुख जवाफदेही : ........ 6

(ख) जवाफदेही : ........ 6

(७) सञ्चालन प्रक्रियाः ........ 6

(क) सहजकर्ता छनौट र समन्वयः ........ 6

(ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः ........ 7

(ग) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः ........ 7

(घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसारः ........ 7

(८) कार्यान्वयन चरण ........ 7

(९) प्रयोग भएका औजारहरुः ........ 9

(१०) कार्यक्रममा प्रस्तुत गरिएको नागरिक प्रतिवेदन पत्रः ........ 9

(११) बहिर्गमन (Exit Poll ) ........ 13

(१२) सार्वजनिक सुनुवाईमा सहभगिताः ........ 17

(१३) कार्यक्रमको सवल पक्षहरुः ........ २०

(१४) निश्कर्ष : ........ २०

(१५) सार्वजनिक सुनुवाईमा सहभगिताः ........ २१

# पृष्ठभूमि

## १. कार्यक्रमको परिचय:

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरेको छ ।
नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागीतामुलक र शुसाशन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै सुशासन प्रबर्धन,रणनीति तथा कार्य योजना २०७४, स्थानीयतह बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, स्थानीयतहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले पनि शुसाशन प्रबर्धनका लागि जोड दिएको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा प्रत्यक्षरुपमा प्रश्नोत्तर गराउने उद्देश्यले वेदकोट नगरपालिकामा सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण गरिएको थियो । परामर्शदाताको तर्फबाट सबै वडामा गएर सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले निर्देश गरे अनुसारका नागरिक प्रतिवेदन(Citizen Report Card), नागरिक अभिमत संकलन (Exit Poll), समूह छलफल (FGD), अन्तर्वार्ता (Interview) तथा स्थलगत अध्ययन अनुसन्धान पद्धतिको प्रयोग गरिएको थियो र प्राप्त भएका नतिजालाई सार्वजनिक सुनुवाईको प्रारम्भमा प्रस्तुतिकरण गरियो ।त्यसपछि नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्ट ले नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण गरिएको थियो । यो प्रस्तुतिले सहभागिहरुलाई न.पा. वाट भए गरेका सेवा प्रवाह र विकास निर्माण सम्बन्धी जानकारी भयो । प्रस्तुतिकरण पछि उपस्थित सेवाग्राहिहरुवाट प्रस्तुतिकरणका विषयवस्तु र अन्य विषयमा सवालहरु र सुझावहरु राख्ने कार्य भयो र जिम्मेवार पदाधिकारीवाट उठेका सवालहरुको जवाफ दिने कार्य भयो ।

## २. कार्यक्रमको उद्धेश्य:

- पालिकालाई जनताप्रति जवाफदेहि बनाई पालिकाको विषयगत ईकाई र सो अन्तरगतका निकायका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जनामा सहयोग गर्नु ।

- नगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- नगरपालिकाको वार्षिक योजना अनुसार संचालन भएका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चबारे सरोकारवालाहरु बिच आदान प्रदान गरी जानकारी गराउनु ।
- कार्यक्रम संचालन गर्दा देखिएका चुनौती, उपलब्धि, सिकाईलाई सार्वजनिक गरी श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने दिने अवसर सृजना गर्नु ।
- नगरपालिकाको वार्षिक योजना तथा गतिबिधिहरुको लेखाजोखा र मूल्याङ्कन गरी भावि कार्य योजनाका लागि सुझाब संकलन गर्नु ।
- नगरपालिकाको योजना र कार्य सम्पादनको अवस्था विश्लेषण, आगामी योजनाका लागि आवश्यक्ता पहिचान र कार्यान्वयनका प्रतिवद्धता सहितको दस्तावेज तयार गर्नु ।
- सार्वजनिक पदाधिकारीको स्वेच्छाचारिता नियन्त्रण गर्न,
- सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राख्न,
- सेवा- प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,
- विगतका गल्ती, कमजोरीको समीक्षा गरी पुनः दोहोरिन नदिन,
- सेवाग्राही र सेवा-प्रदायकबीच विश्वासको वातावरण सिर्जना गर्न,
- सार्वजनिक निकायका गतिविधिमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको स्थापनामा टेवा पुर्याउन,
- सार्वजनिक निकायका कार्यको अनुगमन र मूल्यांकन गर्न,
- आर्थिक र सामाजिक विकासलाई गतिशील बनाउँदै समृद्ध राष्ट्र निर्माणमा टेवा पु-याउन

## ३. बेदकोट नगरपालिकाको सामान्य परिचयः

नेपालको सुदूर पश्चिचम प्रदेश अन्तरगत कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगर स्थित भिमदत्त नगरपालिकाको पूर्वी सिमाना संग जोडिएको साबिक सुडा गा.वि.स. र दैजी गा.वि.स.को कुल क्षेत्र भित्र पर्ने सम्पूर्ण क्षेत्र बेदकोट नगरपालिका हो । कञ्चनपुर जिल्लाको सदरमुकाम देखि ३ कि.मि. पूर्व सम्म रहेको र पूर्वपश्चिम राजमार्ग तथा जोगबुढा डडेल्धुरा सडक समेत रहेको नगर उन्मुख क्षेत्रको रुपमा विकासशिल क्षेत्र हो । यस नगरपालिकाको सिमाना अन्तरगत पूर्व तर्फ शुक्लाफाटा वन्यजन्तु आरक्ष अर्जुनी पोष्ट(शुक्लाफाटा न.पा.), पश्चिम तर्फ भिमदत्त नगरपालिका, उत्तर तर्फ चुरे श्रृंखला (डडेल्धुरा जिल्ला) तथा दक्षिण तर्फ शुक्लाफांटा आरक्ष रहेको छ भने यसको कुल क्षेत्रफल १५८.५ वर्ग कि.मि. रहेको छ । यस नगरपालिका अन्तरगत २८.३२ मिनेट उत्तर देखी २९.०८ मिनेट उत्तरी अक्षांश र ८०.०३ मिनेट पश्चिम देखी ८०.३३ मिनेट पश्चिमी देशान्तर सम्म फैलिएको छ । यस न.पा. भित्र शैक्षिक विकास, खानेपानी, स्वास्थ्य, संचार, कृषि, यातायात तथा विधुतका साथै चार वटा कृषि सम्बन्धी क्षेत्रीय कार्यालय आदिको विकास भईरहेको र औधोगिक क्षेत्रको समेत पहल भईरहेको छ । यस नगर पालिकाको उत्तरी भेकमा रहेको चुरे श्रृंखलाको मध्यमा रहेको विशाल, स्वच्छ एवं सुन्दर बेदकोट ताल, वण्ड ताल, सिद्ध सरोवर, बैद्यनाथ धाम, बृद्धाश्रम, शिवलिङ्गाकृती शिवलिंगेश्वर महादेव स्थान लगायतका सम्पदाहरुलाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा रहेका छन् भने यस

क्षेत्रमा रहेका हराभरा वन जंगलले प्रकृतिक सुन्दरता र वातावरणीय स्वच्छता दिनुका साथै वन पैदावारको स्रोतको आधार बनेको छ । विविध धार्मिक, सांस्कृतिक, भेषभूषा रहेको यस न.पा.मा मिश्रित वस्तीहरु रहेको र राजमार्ग सहित मुख्य सडकहरु संगै बजार एवं घनावस्तीको विकासका भइरहेको छ ।

**यस पालिकामा तपसिल बमोजिमका टोल /बस्तीहरु रहेका छन्:-**

| वार्ड नं. | टोल/बस्ती |
|---|---|
| १ | चम्फापुर टोल, पिपलथला टोल, रडाहा टोल, हात्तिथाला टोल |
| २ | चाँदनीफाँटा टोल, जनक टोल, झरना टोल, बसन्तथला टोल, मुक्त कमैया टोल |
| ३ | चौरी, डगौरा दैजी, पेलिताल, भाम्का, शान्तिपुर, सामा दैजी, अन्य |
| ४ | ठकुरी टोल, बीच टोल, शान्ति टोल, सिमल टोल, अन्य |
| ५ | तल्लो धरमपुर, पोल्खरी, मल्लो धरमपुर, मुक्ति शिविर, अन्य |
| ६ | मुसेपानी, सिसैया, अन्य |
| ७ | गाउजी, चौखुट्टी, झजपुरा, बसन्तपुर, भुडा, मन्दिरपुर, महुलिया, लालपुर, सुडा |
| ८ | आमथला टोल, कन्चन टोल, बैजनाथ टोल, शुभकामना टोल , अन्य |
| ९ | प्रगति टोल, बुडा बैजनाथ टोल, लालपुर प्रगति टोल, अन्य |
| १० | नवदुर्गा टोल, प्रगति टोल, भण्डारी टोल, भेरल टोल, राना दैजी टोल, सार्की टोल, सिद्धनाथ टोल, हरपाल टोल, अन्य |

## ४. परिवार संख्या र जनसंख्या विवरण

| परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा | पुरुष | महिला |
| १२५९५ | ५७६८० | २७०३३ | ३०६४७ | ४.५८ | ८८.२१ | १.४७ | ३६१ | ७८.४६ | ८७.६० | ७०.६६ |

राष्ट्रिय जनगणना २०७८

## ५. कार्यक्रम विवरण

- मितिः २०८० श्रावण ७ गते
- स्थानः वेदकोट नगरपालिकाको सभाहल
- समयः दिनको १ वजेदेखि ५ बजेसम्म (४ घण्टा)

## ६. जवाफदेही वक्ताहरु

(क) प्रमुख जवाफदेही :

वेदकोट नगरपालिकाका नगर प्रमुख श्री भोजराज बोहरा
वेदकोट नगरपालिकाका नगर उप-प्रमुख श्री तुलशी जोशी
वेदकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री पदमराज भट्ट

(ख) जवाफदेही :

वेदकोट नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री रमेश सिंह भण्डारी
वेदकोट नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री नरेश बहादुर सिंह
वेदकोट नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री मोहन बहादुर गुर्धामी
वेदकोट नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री नरेन्द्र बहादुर बोहरा
वेदकोट नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री चित्र देव भट्ट
वेदकोट नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री तुलसी राना थारु
वेदकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री थानेश्वर प्रशाद भट्ट
वेदकोट नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री महेश राज जोशी
वेदकोट नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री जनक बहादुर बिष्ट
वेदकोट नगरपालिका वडा नं. १० का वडा अध्यक्ष श्री रतन सिंह बिष्ट

## (७) सञ्चालन प्रक्रियाः

### (क) सहजकर्ता छनौट र समन्वयः

वेदकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय नगरपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि शुक्लाफाँटा मिडिया प्रा.लि.बाट गरिएको प्रस्तावना स्वीकृत भएपछि सहजकर्ताको रुपमा शुक्लाफाँटा मिडिया प्रा.लि. का बरिष्ठ व्यवस्थापक नेपाल पत्रकार महासंघ कंचनपुरका पूर्व उपाध्यक्ष अशोक प्रसाद पाण्डेय लाइ कार्यक्रमको जिम्मेवारी प्रदान गरिएको थियो । कार्यक्रमको सन्दर्भमा सहजकर्ताले नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखसंग नियमति समन्वय गर्नु भएको थियो ।

**(ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः**

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के हुन ? कस्ता खालका छन् ? बस्तु तथा सेवा सुविधाहरु कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्नको लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागु भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, नगरपालिकाले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०६७, सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन-२०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन सहजकर्ताद्वारा गरिएको थियो ।




**(ग) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अनुसुचि २ र ३ को ढाँचा अनुसार नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्थाले संकलन गरी प्रतिवेदन तयार गरेको हो ।

**(घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसारः**

वेदकोट नगरपालिकाद्वारा आर्थिक वर्ष २०७९/०८० को वार्षीक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय सामुदायिक रेडियो शुक्लाफाँटा एफ.एम.बाट अडियो सन्देश, नगरपालिकाको वेभसाइट तथा फेसबुक पेज र सबै वडाहरुमा सूचना टाँस गरिएको थियो । कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार लगायतको उपस्थिति सुनुश्चितताको लागि विभिन्न माध्यमबाट खबर गर्ने कार्य गरिएको थियो ।

## (८) कार्यान्वयन चरण

वेदकोट नगरपालिकाको आयोजनामा भएको सार्वजनिक सुनुवाई कार्यक्रम सहभागीहरुको सहभागिता संगै कार्यक्रम निर्धारित समयमा शुरु गरिएको थियो । वेदकोट नगरपालिकाका नगरप्रमुख भोजराज बोहराको अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख तुलशी जोशी, प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्ट, वेदकोट

नगरपालिकाका १ देखि १० नम्बर सम्मका वडा अध्यक्षहरु, विभिन्न शाखाका शाखा प्रमुख, पत्रकारलाई आशन ग्रहण गराइएको थियो ।

शुक्लाफाटा मिडिया प्रा.लि.का बिष्णु दत्त अवस्थी ले सञ्चालन गर्नु भएको कार्यक्रममा आशन ग्रहण पश्चात वेदकोट नगरपालिकाका नगर उप-प्रमुख तुलशी जोशीले स्वागत मन्तव्य राख्दै नगरपालिकाले आ.व.२०७९/०८० मा गरेका कार्यक्रमबाट सेवाग्राहीले के कस्तो सेवा प्राप्त गरे र सेवाप्रदायक लाई के सुझाव छ भनि सेवा सन्तुष्टि तथा पारदर्शिताका सम्बन्धमा नागरिकले हाकाहाकी प्रश्नोत्तर गर्नपाउन भन्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।सूचनाको हकको प्रत्याभूति, सुशासन र पारदर्शितालाई प्राथमिकतामा राखेर नगरपालिकाले अब प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने उहाँले बताउनुभयो । नगरपालिकाको नयाँ नेतृत्वमा निर्वाचित भएपछि आन्तरिक सुशासन, बिकास निर्माण र योजनाको कार्यान्वयनको लागि प्राथमिकताका साथ कामहरु भइरहेको उहाँले बताउनुभयो । कार्यक्रममा सहभागीहरुलाई कार्यक्रमको अन्तिम समय सम्म बस्न र नगरबासीको तर्फबाट कुनै गुनासो, प्रश्न वा चासो संगै केही सुभाव भए दिन अनुरोध गर्दै उहाँले सबैलाई स्वागत गर्नुभयो ।






वेदकोट नगरपालिकाका नगर प्रमुख भोजराज बोहराले व्यानर पढेर कार्यक्रम उद्धाटन भएको घोषणा गर्नु भएको कार्यक्रममा वेदकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्टले वेदकोट नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्नुभयो । उहाँले नगरपालिकाले लक्ष्य अनुसारको उपलब्धीको अवस्था र कार्ययोजना बारे प्रस्तुतिकरण गर्नुभयो । स्थानीय रेडियो शुक्लाफाँटा एफ.एम.र फेसबुक मार्फत प्रत्यक्ष प्रशारण भएको कार्यक्रममा सहजकर्ता अशोक प्रसाद पाण्डेयले दशवटै वडाहरुबाट संकलन तथा तयार गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले प्राप्त सुझावहरुको समेत प्रस्तुति गर्नुभयो ।त्यसपश्चात सेवाग्राही र नगरपालिका बीच हाकाहाकी प्रश्नोत्तरको लागि अनुरोध गरियो।त्यस पूर्व सार्वजनिक सुनुवाई कार्यक्रमको आचार संहिता बारे जानकारी गराउदै आचार संहिताको पूर्ण पालना गर्न प्रश्नकर्ता र जवाफदेही वक्ताहरुलाई सहजकर्ताको तर्फबाट बिष्णु दत्त अवस्थीले अनुरोध गर्नुभयो । सहभागीहरुलाई सहजकर्ताले क्रमश हात उठाए अनुसार प्रश्न सोध्ने समय प्रदान गर्नु भएको थियो भने प्रमुख जवाफदेही वक्ताको रुपमा रहनु भएका नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय

अधिकृतले जवाफ दिनु भएको थियो । त्यस सम्बन्धमा थप पुष्टाई सम्बन्धित शाखाका शाखा प्रमुखहरुले समेत गर्नुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिदै नगर प्रमुख भोजराज बोहराले नागरिक प्रतिवेदन तथा बहिर्गमन प्रतिवेदनले औल्याएका बुदाहरुमा ब्याख्या गर्दै ठीकलाई राम्रो र राम्रोलाई अतिराम्रो बनाउनतिर सबै लाग्नुपर्ने बताउनु भयो ।निष्पक्षरुपामा सार्वजनिक सुनुवाइको सहजिकरण गरेकोमा शुक्लाफाँटा मिडिया प्रा.लि. सहित सहभागी नागरिकहरुलाई धन्यवाद दिदै नगरप्रमुख बोहराले नगरपालिकालाई सफल बनाउने दायित्व सबै नगरबासीको भएको बताउनु भयो । सबैजनाको साथ र सहयोगले मात्रै वेदकोट नगरपालिकालाई समृद्ध बनाउन सकिने भन्दै नगरपालिका सम्बन्धि कुनै गुनासो तथा सुझाव भए अन्य समयमा समेत दिनुहुन अनुरोध गर्दै कार्यक्रमको समापन गर्नु भयो ।

## (९) प्रयोग भएका औजारहरुः

- **Citizen Report Card**ः नागरिक प्रतिवेदन ( सन्तुष्टि वा असन्तुष्टि जनाउने )
- **Exit Poll**ः बहिर्गमन
- **Focus Group Discuses**ः समूह छलफल
- **Interview** ः अन्तरवार्ता
- **Direct Field Visit:** प्रत्यक्ष अवलोकन

## (१०) कार्यक्रममा प्रस्तुत गरिएको नागरिक प्रतिवेदन पत्रः

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामी नगरपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरी नागरिक प्रतिवेदन तयार पारिएको थियो। नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले नगरपालिकाबाट सेवा लिंदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो । हामीले वेदकोट नगरपालिका तथा विभिन्न वडामा सेवा लिन आएका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार ७१ जना नागरिक सँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका थियौ । यसमा महिला, दलित, जनजाती, बालबालिका, तथा पिछडा वर्गलाई समेतको सहभागिता रहेको थियो । प्रतिवेदन बाट प्राप्त नतिजा यस प्रकार रहेको छः-




## १.सेवाको सन्तुष्टि

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

**सन्तुष्ट** (२९% ) **ठीकै** (७०% ) **असन्तुष्ट** (१ )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?
**सन्तुष्ट** (७०% ) **ठीकै** (३०%) **असन्तुष्ट** (०)




## २. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
**सन्तुष्ट** (८%) **ठीकै** ( ) **असन्तुष्ट** ( ) **नागरिक बडापत्रवारे थाहा नभएको** (९२%)

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?
**विश्वस्त** (१००% ) **ठीकै** ( ) **अविश्वस्त** ( )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?
**तिरेको छैन** (१००%) **एकदमै कम** ( ) **धेरै तिरेको** ( )

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?
**१ दिन** (९२%) **२ दिन** ( ) **धेरै दिन** ( ) **कामको प्रकृति हेरेर** (८%)

## ३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?
**विश्वस्त** (१०० %) **ठीकै** ( ) **अविश्वस्त** ( )

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?
**धेरै** ( ) **ठीकै** ७०% ) **गरेको छैन** ( ३०%)

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?
**धेरै** ( ) **ठीकै** (१००%) **विश्वास छैन** ( )

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?
**छ** ( १४ %) **छैन** (७७% ) **अलिअलि थाहा छ** (९%)

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

**सन्तुष्ट (१००% ) कम सन्तुष्ट ( ) असन्तुष्ट ( )**

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

**आफै ( ९२%) गाउँका ठूलाबडाको ( ) मध्यस्थकर्ता ( ८%)**

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( १०० %) नराम्रो ( )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ ( ३%) आंशिक जानकारी छ ( ६%) कुनै जानकारी छैन (९१% )

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (३% ) ठीकै (९७% ) खासै राम्रो छैन ( )

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति ( ५६%) ५० प्रतिशत भन्दा माथि ( ७%) थाहा छैन (३७%% )

## ६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै ( ) कम ( ) गरेको छैन ( ) थाहा छैन (१००% )

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै ( ) ठीकै ( ) अति कम ( ) थाहा छैन (१००% )

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ ( ) ठीकै भएको छ ( ) भएकै छैन (१००%)

**नागरिक प्रतिवेदन ( Citizen Report Card )** ( सन्तुष्टि वा असन्तुष्टि जनाउने ) **भाग-२**

## १. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (८४.६%) ठीकै पाएँ (१४%) स्पष्ट पाइँन (१.४%)

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो?

दिएँ ( ) थोरै दिएँ ( ) मागिएन र दिइएन पनि (१००%)

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं (९१%) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे (९%) नेता /ठूलाबडा ( )

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

सबैसँग कर उठाउँछन् (१% ) सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ( ) थाहा छैन (९९% )

## २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो (८%) ठीकै (९२% ) खराब ( )

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ ( ) पटक पटक भनेपछि मात्रै हुन्छ ( ) जति भनेपनि हुन्न ( ) गुनासो गरिएको छैन(१००%)

२.३ तपाईको विचारमा न.पा. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

नियमित र राम्रो संग (६%) ठीकै गर्छ (८५%) नियमित रुपमा गर्दैन (९%)

२.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो ( ) ठीकै (९६% ) खराब (४%)

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?
ठीकै छन् (९६%) प्रभावकारी छैनन् (४% )
२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?
सहज ( ) सहज ( ) ठीकै ( ) अप्ठयारो (६%) थाहा छैन(९४%)
२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?
पर्दैन ( ) मागेरै लिन्छन् ( ) रकम नदिए अप्ठ्यारो पार्छन् (६%) थाहा छैन -९४%)
२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?
सजिलै पाइयो (१.४%) कहिले काँही पाइयो (९८.६%) माग गर्दा पनि पाइएन ( )
२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?
सजिलै पाइन्छ ( ) सोधेपछि पाइन्छ (१००%) सोधेपनि पाइदैन ( )
२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?
पालना भएको छ ( ) ठीकै पालना भएको छ (१००%)कत्ति पनि पालना भएको छैन ( )
२.११ योजना सञ्चालन गर्दा न.पा. वाट कत्तिको सहयोग पाउनु भएको छ ?
धेरै सहयोग पाएको छु ( ) ठीकै सहयोग पाएको छु (९३%) आफनोलाइ दिइन्छ (७%)

**३. आर्थिक श्रोत कस्तो छ ?**
३.१ आवश्यक श्रोत उपलब्ध
कम श्रोत उपलब्ध ( ) **थाहा छैन (१००% )**
३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?
अति सरल ( ) **ठीकै (१००%)** जटिल ( )
३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?
**आवश्यक सीप छ** (८४%) आवश्यकता भन्दा कम छ (१४.६% ) सीप निकै कम छ (१.४% )
३.४ न.पा. को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
टाँसेको देखेको छु ( ) कहिले काँही टाँसेको देखिन्छ ( ) **खै कतै देखिएन (१००% )**
३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?
छ ( ) **ठीकै मूल्यांकन हुने गरेको छ (१००%)** कहिले पनि भएको थाहा छैन ( )
३.६ वर्तमान् कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
सन्तुष्ट ( ) **ठीकै (१००%)** कुनै जानकारी छैन ( )


**४. पारदर्शिता सम्वन्धी**
४.१ न.पा. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?
१ वटा ( ) २ वटा ( ) **कार्यक्रम बारे कुनै जानकारी नै छैन (१००%)**
४.२ न.पा. मा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?
धेरै ( ) कम ( ) भएकै छैन ( ) **कार्यक्रम बारे कुनै जानकारी नै छैन (१००%)**
४.३ न.पा. मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?
भएको छ ( ) अहिलेसम्म सञ्चालन भएकै छैन( ) **कार्यक्रम बारे कुनै जानकारी नै छैन (१००%)**
४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?
धेरै ( ) ठीकै ( ) कम ( )
४.५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?
संयन्त्र बनेको छ ( )कुनै संयन्त्र बनेको छैन ( ) **कुनै जानकारी नै छैनं (१००%)**
४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?
धेरै जानकारी पाएको छु ( ) ठीकै जानकारी पाएको छु ( ) **कुनै जानकारी नै छैनं ( १०० %)**


## (११) बहिर्गमन (Exit Poll )


कार्यालयमा सेवा लिई फर्किनेक्रममा सेवाग्राही संग सेवाको वारेमा ६ वटा प्रश्नहरु सोधिएको थियो :

१. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?
२. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?
३. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?
४ सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?
५ तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?
६ सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?

### सहभागीहरुः






कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

| राम्रो लागेका कुराहरु | सुधार गर्नुपर्ने कुराहरु |
| --- | --- |
| • कुनैपनि कामका लागि अतिरिक्त शुल्क तिर्नु नपरेको ।<br>• न्यायिक समितिले गरेका फैसलाहरुबाट सन्तुष्ट भएको ।<br>• वडा कार्यालयमै सामाजिक सुरक्षा भत्ता वितरणबाट सन्तुष्ट भएको ।<br>• निरन्तर अनुगमन भएको ।<br>• गाई व्यवस्थापन भएको ।<br>• नगरपालिकाको सुविधा सम्पन्न भवन ।<br>• नगरपालिका भित्र स्तनपान कक्षको स्थापना गरिएको ।<br>• शाखागत रुपमा कार्यसम्पादन हुने गरेको ।<br>• सहजरुपमा नगर प्रमुखसंग सम्पर्क गर्न सकिएको ।<br>• कर्मचारीहरु मिलनसार रुपमा प्रस्तुत हुने गरेको ।<br>• नगर अस्पतालको निर्माण शुरु भएको ।<br>• विपन्न परिवारको लागि सहयोग प्रदान ।<br>• कुनैपनि सुचना मागेमा सहजै प्राप्त हुने गरेको । | • गाई व्यवस्थापन अझबढी प्रभावकारी बनाउनु पर्ने ।<br>• इन्टरनेट सुविधा छिटो छरितो हुनुपर्ने ।<br>• वडा कार्यालयमा फोटोकपि, फोटो खिचाउने व्यवस्था गर्नु पर्ने ।<br>• अपांग मैत्री सेवा प्रवाह गर्नुपर्ने ।<br>• नागरिक बडापत्र सेवाग्राहीले स्पष्ट देखिने गरि व्यवस्था गर्नु पर्ने ।<br>• वार्षिक नीति तथा कार्यक्रमको बारेमा सबैलाई जानकारी गराउनु पर्ने ।<br>• कार्यालयमा सुझाव पेटिका, गाउ टोलमा सूचनाको पहुच हुनुपर्ने ।<br>• वडाध्यक्ष र कर्मचारी पुरै समय कार्यालयमा बस्नुपर्ने ।<br>• नगरपालिकाको भवनलाई अपाङ्गमैत्री बनाउन लिफ्ट हाल्नु पर्ने ।<br>• नगरपालिकाबाट वितरण हुने सेवासुविधाहरुको सार्वजनिकीकरण गर्नुपर्ने ।<br>• योजना सम्झौताको कामलाई सहज बनाई वडाबाट नै सम्पादन गर्ने व्यवस्था हुनुपर्ने ।<br>• नगरपालिकाको बिकासको लागि गुरुयोजना बनाएर दिगो रुपमा काम गर्नुपर्ने ।<br>• रोजगारी सृजनाहुने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । |

| | |
|---|---|
| | • मुल्याबृद्धि रोक्न प्रयास संगै बजारको अनुगमन गर्नुपर्ने ।<br>• दलित समुदायको लागि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।<br>• वडा कार्यालय बन्न बााकी रहेको वडामा तत्काल वडा कार्यालय निर्माण शुरु हुनु पर्ने ।<br>• नगरपालिकाबाट सम्पादन हुने कामको बारेमा सरोकारवाला संग छलफल र सर्वसाधरणलाई जानकारी गराउनुपर्ने । |

## (१२) वेदकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमराज भट्ट द्वारा प्रस्तुत आय व्यय विवरणः



## बाषिक आय व्यय विवरण

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | मौज्दात(प्राप्त नभएको रकम) | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
| संघीय सरकार | ५११७६३०००. | ४७५४५२३५९. | ३६३१०६४१. | चालु | ५१०५५४६२५. | ४०१९०२६२६.१२ | ७८.७२ |
| प्रदेश सरकार | २११५४०००. | १७९०२९३५. | ३२५१०६५. | पुंजीगत | ३०००३४३७५. | १६६१३३६८४.३३ | ५५.३७ |
| राजस्व बाडफाड | १५१६९६०००. | १०१५१५४०६.७९ | ५०१८०५९३.२१ | | | | |
| अन्तरिक श्रोत | २०३८८०००. | १७३९४४६७.७२ | २९९३५३२।२८ | | | | |
| ३२१२२ बैंक मौज्दात | १०५५८८०००. | १०५५८८००० | | | | | |
| जम्मा | ८१०५८९०००. | ७१७८५३१६८.५१ | ९२७३५८३१ | जम्मा | ८१०५८९०००. | ५६८०३६३१०.४५ | ७०.०८ |
| | | | | | | | |
| सामाजिक सुरक्षा | २१००३६९२० | २०७६६३०१४.९६ | | सामाजिक सुरक्षा | २१००३६९२० | २०७६६३०१४.९६ | ९८.८७ |
| कुल जम्मा | १०२०६२५९२० | ९२५५१६१८३.४७ | ९२७३५८३१ | कुल जम्मा | १०२०६२५९२० | ७७५६९९३२५ | ७६. |

## शीर्षकगत खर्च विवरण १

| नाम | बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|
| बेदकोट नगरपालिका | ३६१५०५३१२. | २१५९८७१७२.५७ | ५९.७५ |
| बेदकोट नगरपालिकावडा नं.१ | ६१४४०००. | ४३६१५८९.५१ | ७०.९९ |
| बेदकोट नगरपालिकावडा नं.२ | ६१४८०००. | ३०८३५२१.६९ | ५०.१५ |
| बेदकोट नगरपालिकावडा नं.३ | ६४७६०००. | ५४१२९९०.४२ | ८३.५९ |
| बेदकोट नगरपालिकावडा नं.४ | ६५१३०००. | ५६९३६२३.४९ | ८७.४२ |
| बेदकोट नगरपालिकावडा नं.५ | ६२५३०००. | ५६९९३१४.७३ | ९१.१५ |
| बेदकोट नगरपालिकावडा नं.६ | ६३४२०००. | ४३५४३६५.१३ | ६८.६६ |
| बेदकोट नगरपालिकावडा नं.७ | ६५८२०००. | ५३१४१५८.०४ | ८०.७४ |
| बेदकोट नगरपालिकावडा नं.८ | ६१२७०००. | ५६०२५५८. | ९१.४४ |
| बेदकोट नगरपालिकावडा नं.९ | ६१९७०००. | ३६९०६९८.८६ | ५९.५६ |
| बेदकोट नगरपालिकावडा नं.१० | ६४१८०००. | ४८७५००५.९७ | ७५.९६ |

# शीर्षकगत खर्च विवरण १

| नाम | बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|
| बेदकोट नगरपालिका - पशु | ३५०००००. | २७७६९२३. | ७९.३४ |
| बेदका◌ेट नगरपालिका - महिला,बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | २५०००००. | २३०७०००. | ९२.२८ |
| बेदकोट नगरपालिका शिक्षा | ३०००००० | २०११८४७. | ६७.०६ |
| बेदकोट नगरपालिका स्वास्थ्य | ७०००००० | ४६८४८८६. | ६६.९३ |
| बेदकोट नगरपालिका कृषि | ४५०००००. | ३३१२३३९. | ७३.६१ |
| सडक बा◌ेर्ड | ८८२०६८८. | ७६४३३४७. | ८६.६५ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ३१८३६३०००. | २६३०५४०३३.०४ | ८२.६३ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | १४००००००. | ६३८४८५२. | ४५.६१ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | १५००००००. | ५८३७१५०. | ३८.९१ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | २५०००००. | २४७७५६२. | ९९.१० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | ६७०००००. | ३४७१३७३. | ५१.८१ |
| | ८१०५८९०००. | ५६८०३६३१०.४५ | ७०.०७ |

# क्षेत्रगत बजेट खर्च विवरण

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९,२९,८७,६५१.०० | ५,५५,६०,७९९.७७ | ५९.७५ | ३,७४,२६,८५१.२३ |
| २ | सामाजिक विकास | ३३,८१,२५,२५९.०० | २८,५८,४४,९७१.६५ | ८४.५४ | ५,२२,८०,२८७.३५ |
| ३ | पूर्वाधार विकास | १५,९८,४७,४६५.०० | ८,८३,०६,११७.३२ | ५५.२४ | ७,१५,४१,३४७.६८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,८८,७४,०००.०० | १,१६,८९,७३१.९० | ६१.९४ | ७१,८४,२६८.१० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,०७,५४,६२५.०० | १२,६६,३४,६८९.८१ | ६३.०८ | ७,४१,१९,९३५.१९ |
| कुल जम्मा | | ८१,०५,८९,०००.०० | ५६,८०,३६,३१०.४५ | ७०.०७ | २४,२५,५२,६८९.५५ |

## निर्माण भइसकेका र निर्माणाधीन मुख्य मुख्य योजना तथा कार्यक्रम/उपलब्धि

- सामुदायिक पशु व्यवस्थापन
- बेदकोट नगरपालिकाको भूमि वर्गीकरणको कार्य सम्पन्न भइसकेको छ ।
- बेदकोट नगरपालिका स्थित अव्यवस्थित बसोबासी तथा भूमिहीनहरुको जग्गा नापनक्सा गर्ने कार्य सम्पन्न भई आयोगबाट नक्सा प्रमाणीकरण गर्ने काम सम्पन्न भइसकेको ।
- जग्गाधनी पूर्जा तयार गर्न कार्यविधि बमोजिमका आवश्यक कागजातहरु तयारी भइरहेको ।
- सामाजिक सुरक्षा भत्ता प्रत्येक वडा वडामा वितरण
- मालपोत लगायतको राजश्व वडामै तिर्ने व्यवस्था
- नगरका विभिन्न वडामा तटबन्ध तथा नदी नियन्त्रण
- बगुन खोला तटबद्न्ध निर्माण
- तटबन्ध तथा तारजाली
- सिदधनाथ टोल,शिबलिंगेस्वर, धरमपुर सिसैया झो.पु, वेदकोट नगरपालिका, कन्चनपुर

## निर्माण भइसकेका र निर्माणाधीन मुख्य मुख्य योजना

- सिसैया चोकदेखि पर्गति टोल सडक कालापत्रे बेदकोट नगरपालिका १०
- बैजनाथ टाेल रामिसह कार्किकाे घरदेखी बिदास्म सडम कालाेपत्रे
- शंकर कडायतको घरदेखि पूर्व जाने बाटो सडक निर्माण वडा नं. ८
- स्वास्थ तथा वडा कार्यालय निर्माण
- खोप केन्द को भवन निर्माण
- स्वास्थ्य पूर्वाधार निर्माण वडा नं. ६
- कोल्डस्टोर निर्माण कार्य
- कभर्डहल निर्माण कार्य
- १५ शैयाको अस्पताल

## मुख्य मुख्य लक्षित वर्ग तथा सीपमूलक आयमूलक कार्यक्रम

- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री सहयोग कार्यक्रम
- जोखिमपूर्ण काम गर्ने नगरबासीको दुर्घटना तथा जोखिम बिमा
- दुना टपरी , डोको नाङ्गलो, ढकिया आदि सीपमूलक आयमूलक कार्यक्रम
- आदिवासी जनजाति महिला हरुका लागि सिपमुलक / आयमूलक कार्यक्रम
- आदिवासी जनजाति र दलित समुदायको सिपविकास र संस्कृति संरक्षण कार्यक्रम
- दलित सिपमुलक / आयमूलक कार्यक्रम
- गरिब तथा विपन्न महिलाका लागि सिपमुलक/ आयमूलक कार्यक्रम

## मुख्य मुख्य लक्षित वर्ग तथा सीपमूलक आयमूलक कार्यक्रम

- ज्येष्ठ नागरिकका लागि आँखा परीक्षण
- समुदाय प्रहरी साझेदारी कार्यक्रम/किशोर किशोरी समूह अन्तर्गत लागू औषध ओसारपोसार विरुद्धको अभियान

## (१३) कार्यक्रमको सवल पक्षहरुः

- नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरुको सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- गत आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा र बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- फेसबुकबाट प्रत्यक्ष प्रशारण र शुक्लाफाँटा एफ. एम.बाट कार्यक्रम छायांकन तथा प्रशारण गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।
- प्रत्येक वडाहरुमा गइ ७१ जना सेवाग्राही संग प्रत्यक्ष अन्तर्वार्ता लिइएको ।

## (१४) निश्कर्ष :

वेदकोट नगरपालिकाको काम कारवाही, सेवाप्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच प्रत्यक्ष प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । वेदकोट नगरपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईको दौरानमा नागरिकहरुले खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रवर्धन, संरक्षण र बिकास, राशायनिक मलको उपलब्धता, बालबिवाह न्यूनिकरण लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा उल्लेख्यमात्रामा सहभागीता रहेको थियो ।

सहभागी नागरिकहरुले नगरपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए ।कार्यविधिले ब्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्नसके कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

## (१५) सार्वजनिक सुनुवाईमा सहभगिताः


**वेदकोट नगरपालिकामा सार्वजनिक सुनुवाइकोलागी वडाहरुमा सम्पर्क गरिएका सेवाग्राहीहरु**


| सि.न. | नाम | लिङ्ग | ठेगाना | उमेर बर्ष | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|
| १ | प्रेम बहादुर बोहरा | पु | वडा न.१ हात्तिथला | ५६ | इन्टर | कृषि |
| २ | धुर्वराज पन्त | पु | वडा न.१ चम्फापुर | ६८ | हाइस्कुल | कृषि |
| ३ | जयानंद भट्ट | पु | वडा न.१ चम्फापुर | ७१ | निरक्षर | कृषि |
| ४ | तारा बोहरा | म | वडा न.१ चम्फापुर | ३६ | एस.एल.सी. | चिया पसल |
| ५ | रामसिंह ऐडी | पु | वडा न.१ पिपलथला | ७५ | ५ कक्षा | कृषि |
| ६ | सुकराम राना | पु | वडा न.१ चम्फापुर | ४० | ४ कक्षा | कृषि |
| ७ | रामे सार्की | पु | वडा न.२ जडेपानी | ६२ | साक्षर | कृषि |
| ८ | निर्मला पाण्डेय | म | वडा न.२ जडेपानी | १८ | १२ कक्षा | अध्ययन |
| ९ | आरती जोशी | म | वडा न.२ जडेपानी | १९ | १२ कक्षा | अध्ययन |
| १० | लोचना जोशी | म | वडा न.२ जडेपानी | १७ | १२ कक्षा | अध्ययन |
| ११ | भावना जोशी | म | वडा न.२ जडेपानी | १८ | १२ कक्षा | अध्ययन |
| १२ | सुरत रावत | पु | वडा न.३ पेलिताल दैजी | ४५ | एस.एल.सी. | मजदुरी |
| १३ | कृष्णदत्त पनेरु | पु | वडा न.३ दैजी | ७४ | साक्षर | कृषि |
| १४ | गंगा जोशी | म | वडा न.३ शान्तिपुर दैजी | ४५ | साक्षर | कृषि |
| १५ | नरु देवी जोशी | म | वडा न.३ शान्तिपुर दैजी | ८० | साक्षर | कृषि |
| १६ | लक्ष्मी डगौरा | म | वडा न.३ दैजी | ४५ | साक्षर | मजदुर |
| १७ | मोहन देव भट्ट | पु | वडा न.४ बगुन | ७८ | साक्षर | कृषि |
| १८ | हरिना नाथ | म | वडा न.४ बगुन | ६४ | निरक्षर | गृहिणी |
| १९ | चन्द्रा भट्ट | म | वडा न.४ बगुन | ७० | निरक्षर | गृहिणी |
| २० | नवराज ऐडी | पु | वडा न.४ बगुन | १८ | १२ कक्षा | अध्ययन |
| २१ | देवराज जोशी | पु | वडा न.४ बगुन | ४५ | इन्टर | कृषि/मजदुरी |
| २२ | बिरेन्द्र बोहरा | पु | वडा न.४ बगुन | ३२ | बी.ए. | निर्माण व्यवसायी |
| २३ | यज्ञराज पनेरु | पु | वडा न.४ बगुन | ३३ | इन्टर | निर्माण व्यवसायी |
| २४ | रणदेव बोहरा | पु | वडा न.४ बगुन | ४८ | साक्षर | कृषि |
| २५ | रतन बहादुर बोहरा | पु | वडा न.४ बगुन | ५७ | साक्षर | कृषि |
| २६ | धन बहादुर बिष्ट | पु | वडा न.५, धरमपुर | ७४ | ८ पास | कृषि |
| २७ | रामसिंह बोहरा | पु | वडा न.५, धरमपुर | ७७ | साक्षर | कृषि |
| २८ | गजबहादुर कुवर | पु | वडा न.५, धरमपुर | ७२ | साक्षर | कृषि |
| २९ | शुसिला मगर | म | वडा न.५, धरमपुर | ५२ | साक्षर | कृषि |
| ३० | कौशिला सावद | म | वडा न.५, धरमपुर | ६२ | साक्षर | कृषि |
| ३१ | धना बोहरा | म | वडा न.५, धरमपुर | ६० | साक्षर | कृषि |
| ३२ | हरुली बोहरा | म | वडा न.५, धरमपुर | ६४ | साक्षर | कृषि |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | चम्फा राना | म | वडा न.५, सिसैया | ६५ | साक्षर | कृषि |
| ३४ | बंधो राना | म | वडा न.५, बिचफाटा | ७० | साक्षर | कृषि |
| ३५ | घासिराम राना | पु | वडा न.५, बिचफाटा | ५५ | साक्षर | कृषि/मदुरी |
| ३६ | भोजराज राना | पु | वडा न.६, सिसैया | ४५ | साक्षर | कृषि |
| ३७ | जानकी सुनार | म | वडा न.६, सिसैया | ४० | साक्षर | कृषि |
| ३८ | देवि सुनार | म | वडा न.६, सिसैया | ४१ | साक्षर | कृषि |
| ३९ | बेलुदेवी विश्वकर्मा | म | वडा न.६, सिसैया | ४४ | साक्षर | कृषि |
| ४० | राम कुमारी राना | म | वडा न.६, सिसैया | ३८ | साक्षर | कृषि |
| ४१ | भागरथी देबी पन्त | म | वडा न.६, सिसैया | ५५ | साक्षर | कृषि |
| ४२ | कलावती राना | म | वडा न.६, सिसैया | ४७ | साक्षर | कृषि |
| ४३ | सत्तो राना | म | वडा न.६, सिसैया | ४३ | साक्षर | कृषि |
| ४४ | कला राना | म | वडा न.६, सिसैया | ४० | साक्षर | कृषि |
| ४५ | धनादेवी धामी | म | वडा न.६, सिसैया | ५५ | साक्षर | कृषि |
| ४६ | परशुराम राना | पु | वडा न.६, सिसैया | ७० | साक्षर | कृषि |
| ४७ | लक्ष्मी देवी ओड | म | वडा न.६, सिसैया | ६५ | साक्षर | कृषि |
| ४८ | भागरथी दमाई | म | वडा न.६, सिसैया | ६० | साक्षर | कृषि |
| ४९ | देवकी भट्ट | म | वडा न.६, सिसैया | ५५ | साक्षर | कृषि |
| ५० | चन्द्रा देवी के.सी. | म | वडा न.६, सिसैया | ६६ | साक्षर | कृषि |
| ५१ | गणेश दत्त अवस्थी | पु | वडा न.७ , गाउजी | ५८ | एस.एल.सी | कर्मचारी |
| ५२ | जयदेव जोशी | पु | वडा न.७ , गाउजी | ४५ | एम.ए. | संचारकर्मी |
| ५३ | निर्मला देवी धामी | म | वडा न.७ , सुडा | ४२ | साक्षर | गृहिणी |
| ५४ | प्रमानन्द नाथ | पु | वडा न. ८ , गइलनदी | ३८ | बी.ए. | कर्मचारी |
| ५५ | आइता ठकुरी बम | म | वडा न. ८ , गइलनदी | ६२ | साक्षर | गृहिणी |
| ५६ | मानमती देवी बम | म | वडा न. ८ , गइलनदी | ६२ | ८ पास | गृहिणी |
| ५७ | जमुनादेबी भाट | म | वडा न. ८ , गइलनदी | ६७ | साक्षर | कृषि/गृहिणी |
| ५८ | जसुदेवी पाण्डेय | म | वडा न. ८ , गइलनदी | ५५ | साक्षर | कृषि/गृहिणी |
| ५९ | नरे बहादुर कामी | पु | वडा न. ८ , गइलनदी | ४० | साक्षर | मजदूरी |
| ६० | शारदा चन्द | म | वडा न. ८ , गइलनदी | ३२ | इन्टर | व्यवशाय |
| ६१ | गोबिन्द बिष्ट | पु | वडा न. ८ , गइलनदी | ५१ | हाइस्कूल | व्यवशाय |
| ६२ | सिता पार्की | म | वडा न. ९ , सुनौलो शिविर | ५० | निरक्षर | मजदूरी |
| ६३ | शान्तिदेवी लुहार | म | वडा न. ९ , सुनौलो शिविर | ४० | साक्षर | मजदूरी |
| ६४ | सुन्नारा देबी लुहार | म | वडा न. ९ , सुनौलो शिविर | ६० | निरक्षर | मजदूरी |
| ६५ | गोबिन्द बहादुर लुहार | पु | वडा न. ९ , सुनौलो शिविर | ५० | निरक्षर | मजदूरी |
| ६६ | प्रेम लुहार | पु | वडा न. ९ , सुनौलो शिविर | ४४ | साक्षर | मजदूरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६७ | बलराम चौधरी | पु | वडा न. १०, रानादैजी | ३५ | हाइस्कूल | कृषि |
| ६८ | पुन्ना राना | म | वडा न. १०, रानादैजी | ७१ | निरक्षर | कृषि |
| ६९ | सुनित चौधरी | पु | वडा न. १०, रानादैजी | २६ | हाइस्कूल | कृषि/मजदूरी |
| ७० | बसन्ती राना | म | वडा न. १०, रानादैजी | ३० | साक्षर | कृषि |
| ७१ | सुरेन्द्र चौधरी | पु | वडा न. १०, रानादैजी | २९ | साक्षर | दृष्टिबिहिन |

## सार्वजनिक सुनुवाइमा उपस्थिति तथा फोटोहरु


आज मिति २०८० साल श्रावण ८ गतेका दिन सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि सार्वजनिक सुनुवाई कार्यक्रम बेदकोट नगरपालिका नगर प्रमुख श्री भोजराज बोहराज्यूको सभाध्यक्षतामा तपसिलका व्यक्तिहरुको उपस्थितिमा सम्पन्न गरियो।





परामर्शदाता




धुम्रपान /
गरिस
SHOT ON OPPO




SHOT ON OPPO




SHOT ON OPPO








सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८०/साउन /७ गते
स्थान: वेदकोट नगरपालिका, कञ्चनपुर
समय: दिउँसो १:०० बजे
परामर्शदाता
शुक्लाफाँटा मिडिया प्रा.लि.
कञ्चनपुर
आयोजक
वेदकोट नगरपालिका
कञ्चनपुर


सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि
सार्वजनिक सुनुवाई कार्यक्रम


SHOT ON OPPO




SHOT ON OPPO


SHOT ON OPPO